शान्तिनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिराघाट दाङ

लुम्बिनी प्रदेश नेपाल

प स

च न

मिति २०७९।०५।३०

सुचना सुचना सुचना

यस शान्तिनगर गाउँपालिका अन्तरगत विभिन्न बजारहरुमा बस्तु तथा सेवाको दैनिक आपुर्ति ब्यवस्थालाई सहज बनाउनुका साथै बिक्री गरिने बस्तु तथा सेवामा अनियमितता हुन नदिई स्वच्छ बजार कायम गर्न गाउँपालिकाबाट निकट भविष्यमा नै बजार अनुगमन गरिने भएको छ । अनुगमनका क्रममा विशेष गरि ब्यावसाय दर्ता सम्बन्धी कागजात नभएका, मुल्य सुची नभएका, साइन बोर्ड नभएका, म्याद गुज्रिएको समान विक्री वितरण गर्ने, मिसावट सहितका समान विक्री वितरण गर्ने, कृतिम अभाव सृजना गर्ने तथा उपभोक्ता हित प्रतिकुल ब्यावसाय संचालन गर्ने व्यावसायीलाई उपभोक्ता संरक्षण ऐन २०७५ तथा उपभोक्ता संरक्षण नियमावली २०७६ बमोजिम कारबाही गरिने छ । तसर्थ चाड पर्व नजिकिदै गरेको सन्दर्भमा आम उपभोक्ता हित संरक्षण गर्न र स्वच्छ एंव प्रतिस्पर्धी बजार सृजना गर्ने कार्यमा सहयोग पुर्याउन कुनै पनि व्यावसायीले अवान्छित बजार गतिबिधी संचालन नगर्न र आफ्नो व्यावसाय दर्ता तथा नबिकरण समबन्धी सम्पुर्ण कागजातहरु दुरुस्त राख्न सबैलाई अनुरोध गरिन्छ ।

२०७९/०५/३०

प्रमुख प्रशासकीय अधिकृत